**बेष्ट फाईनान्स कम्पनी लिमिटेडको**
**अठाईसौं बार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण (माइन्यूट)**

मिति : २०८२ साल आषाढ १८ गते, बुधबार (तदनुसार २, जुलाई २०२५)
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, सिद्धिचरण हल, कमलादी, काठमाडौं
समय : विहानको ११ : ०० बजे ।

BEST FINANCE COMPANY LTD.
BFC

..........................
राज सुन्दर श्रेष्ठ
कम्पनी सचिव

..........................
खिमलाल पौड्याल
अध्यक्ष, संचालक समिति
तथा
सभापति, अठाईसौं बार्षिक साधारण सभा



CamScanner

**बेष्ट फाइनान्स कम्पनी लिमिटेडको**
**अठाईसौं बार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण (माइन्यूट)**

**१) बैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र संस्थाको नियमावली बमोजिम अठाईसौं बार्षिक साधारण सभा संस्थाका संचालक समितिका अध्यक्ष श्री खिमलाल पौड्यालज्यूको सभापतित्वमा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषय उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२) सभाको मिति, स्थान र समय :**

| | |
|---|---|
| मिति | : २०८२ साल आषाढ १८ गते बुधबार (तदनुसार २ जुलाई २०२५) |
| स्थान | : नेपाल प्रज्ञा प्रतिष्ठान, सिद्धिचरण हल, कमलादी, काठमाडौं । |
| समय | : विहानको ११.०० बजे । |

**३) सभा सम्बन्धी सूचना :**

यस संस्थाको मिति २०८२ जेष्ठ १२ गते बसेको संचालक समितिको ६०८ औं बैठकको निर्णय बमोजिम संस्थाको २८ औं बार्षिक साधारण सभा २०८२ साल आषाढ १८ गते बुधबार (तदनुसार २ जुलाई २०२५) बस्ने बारेको सूचना, छलफलका विषयहरु लेखापरीक्षकको प्रतिवेदन, संचालक समितिको प्रतिवेदन सहितको सूचना सेयरधनी महानुभावहरूको व्यक्तिगत ठेगानामा तथा इमेल तथा अन्य विद्युतिय माध्यम मार्फत पठाइएको र सो सम्बन्धी सूचना मिति २०८२ जेष्ठ १४ गतेको "कारोवार" राष्ट्रिय दैनिक तथा मिति २०८२ जेष्ठ २३ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी सार्वजनिकरुपले सूचित गरिएको थियो ।

**४) छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१। यस बेष्ट फाइनान्स कम्पनी लि.को आ.ब.२०८०/०८१ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२। लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को बार्षिक वित्तीय विवरण (२०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

३। आ.व.२०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक समेत अनुमोदन गर्ने ।

४। संचालक समितिको सर्वसाधारण तथा संस्थापक समूहको संचालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१) यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मूल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायत मर्जर सम्बन्धी अन्य आवश्यक प्रक्रिया पूरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) बिबिध

५) सभामा उपस्थिति :

५.१ सञ्चालकहरुको उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम तथा दफा ६८(२) बमोजिम संचालक लक्ष्मी श्रेष्ठ विशेष कारणवश साधारण सभामा उपस्थित हुन असमर्थ रहेकोले भिडियो कन्फरेन्स मार्फत उपस्थिति हुनु भएको ।

| | |
|---|---|
| १) श्री खिमलाल पौड्याल | अध्यक्ष |
| २) श्री लक्ष्मी श्रेष्ठ | संचालक |
| ३) श्री राम कृष्ण चौलागाई | संचालक |
| ४) श्री राम चन्द्र देवकोटा | संचालक |
| ५) श्री श्रीराम श्रेष्ठ | संचालक |
| ६) श्री रामजी गौतम | संचालक |
| ७) बौद्ध राज अर्याल | स्वतन्त्र संचालक |

५.२ पर्यवेक्षक, आमन्त्रित हरुको उपस्थिति :

१) श्री अरुण पौड्याल – कानुनी सल्लाहकार
२) श्री सुनिल अधिकारी – वाह्य लेखापरीक्षक (एस.ए.आर.एशोशियटस चार्टर्ड एकाउन्टेन्टस् )
३) श्री बाल कुमार पाण्डे – निर्वाचन अधिकृत

५.३ पदाधिकारीहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री बालनरसिंह घर्ती | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री शैलेन्द्र बादे श्रेष्ठ | सहायक महाप्रबन्धक |
| ३. | श्री शरद उपाध्याय | वरिष्ठ प्रबन्धक |
| ४. | श्री प्रेम सागर नापित | वरिष्ठ प्रबन्धक |
| ५. | श्री खगेन्द्र सिग्देल | वरिष्ठ प्रबन्धक |
| ६. | श्री राज सुन्दर श्रेष्ठ | कम्पनी सचिव |



BEST FINANCE COMPANY LTD.
CamScanner

५.४ शेयरधनीहरुको उपस्थिति :

१) स्वयम उपस्थित : ११८ जना

२) प्रतिनिधिद्वारा उपस्थित : ९२ जना

३) जम्मा उपस्थिति शेयरधनी संख्या : २१०

६ **सभाको गणपुरक संख्या :** :कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम

| सेयर तथा सेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधीद्वारा उपस्थित | जम्मा उपस्थित | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा सेयर संख्या | ८९,०४,२४२ | १५,१८,०२६ | ३३,२३,१९२.०० | ४८,४१,२१८.०० | ५४.३६ % |
| जम्मा सेयरधनी | १८,४१७ | ११८ | ९२ | २१० | |

**७. सभाको बैधानिकता :**

**७.१** साधारणसभा शुरु हुनु अघि सभामा उपस्थित सेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरूलाई कम्पनी सचिवले संस्था तथा आफनो तर्फवाट स्वागत गर्दै कम्पनी ऐन २०६३ र संस्थाको नियमावली तथा प्रचलित कानुन बमोजिम संस्थाको अठाईसौं बार्षिक साधारण सभा बोलाइएको जानकारी गराउनु भयो ।

**७.२.** सभा संचालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ र संस्थाको नियमावली बमोजिम साधारणसभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी संस्थाका कानुनी सल्लाहकार श्री अरुण पौड्यालले सभामा जानकारी गराउनु भयो ।

**७.३** गणपुरक संख्या पुगेको हुँदा सभा रीतपूर्वक बोलाइएको सभा गर्न मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय उपर छलफल गर्न मन्जुर गरियो ।

**८.** सभाको बैधानिकता एकीन भएपछि कम्पनी ऐन २०६३ को दफा ६९ को उपदफा २ र संस्थाको नियमावली बमोजिम संस्थाको संचालक समितिका अध्यक्ष श्री खिमलाल पौड्यालज्यूलाई संस्थाको यस अठाईसौं बार्षिक साधारणसभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र संस्थाको संचालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

**९.स्वागत मन्तव्य :**

संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री बालनरसिंह घर्तीज्यूले सभामा उपस्थित सेयरधनीहरु, अतिथी एवम आमन्त्रित व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।



BEST FINANCE COMPANY LTD.

CamScanner

**१०. सभा सञ्चालन र संचालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदनको प्रस्तुती :**

**१०.१** संस्थाका अध्यक्ष श्री खिमलाल पौड्यालले पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत उद्घाटन गर्नुभयो । साथै शेयरधनी कृष्ण प्रसाद अधिकारीबाट स्वस्ति शान्ति वाचन गरियो ।

**१०.२** संस्थाको संचालक समितिको तर्फवाट अध्यक्षको वार्षिक प्रतिवेदन २०८०/८१ साधारणसभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.३** सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.४** आ.व.२०८१/८२ को बाह्य लेखापरीक्षण गर्नको लागि साविक कै S.A.R. Associates, Chartered Accountants लाई वाह्य लेखापरीक्षकमा नियुक्ती सम्बन्धमा निजको नियुक्ती तथा निजको पारिश्रमिक समेत अनुमोदन गर्ने प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.५** यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मूल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताब सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**११.**साधारणसभामा शेयरधनीहरुको निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन २०६३ को दफा ७४ मा व्यवस्था भए अनुरुप सभापतिद्वारा प्रस्तुत प्रस्तावहरु समेतमा छलफलको लागि मन्तव्य, विचार, जिज्ञासा तथा सुझाव राख्न चाहने सेयरधनी महानुभावहरूलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

**११.१ छलफलमा सहभागी हुने सेयरधनीहरू :**

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा १७ जना सेयरधनीहरू स्वयम उपस्थित भई तथा २ जना सेयरधनीले लिखित रुपमा संस्थाको काम, कारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । लिखित सुझाव तथा वक्ता सेयरधनीहरूको नामावली निम्नानुसार रहेको छ ।

१) राजेन्द्र कुमार शर्मा (२) रोविन्द प्रसाद श्रेष्ठ (३) सुदिप श्रेष्ठ (४) ब्रम्हदेव शाक्य (५) चन्द्र नारायण श्रेष्ठ (६)उद्धव प्रसाद घिमिरे (७) ईन्जिनियर वैजुनाथ रौनियार (८) ईन्द्र प्रसाद लामिछाने (९) डमरुवल्लभ घिमिरे (१०) अमिर दास रन्जित (११) श्री रोज कुमार श्रेष्ठ (१२) नरसिंहलाल चखु (१३) श्री निरुपमा

गुप्ता (१४) श्री ईन्द्र कृष्ण श्रेष्ठ (१५) उत्सव सुन्दर श्रेष्ठ (१६) लवराज जोशी (१७) शत्रुघन श्रेष्ठ (१८) लक्ष्मण वहादुर श्रेष्ठ र (१९) जगन्नाथ आचार्य

**१२.** सेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरूको संक्षिप्त विवरण :

१। संस्थामा निस्कृय कर्जा बृद्धि भएकोले नियन्त्रणमा ल्याउन रणनीति बनाउन आवश्यक रहेको देखिन्छ ।

२। संस्थाले विगत १२ वर्ष देखि सेयरधनीलाई प्रतिफल दिन नसकेकोले प्रतिफल प्रदान गर्ने दिशामा व्यवस्थापन लाग्नु पर्ने देखिन्छ ।

३। संस्थाको गैर, बैकिङ्ग सम्पति अधिक रहेकोले छिटो लिलाम बिक्री गरी घटाउनु पर्ने ।

४। साधारण सभा समयमै गर्नु हुन ।

५। संस्थाले मर्जमा जाँदा सवल कम्पनी तथा आफ्नो स्तर अनुसारको संस्थासँग Merger मा जान उपयुक्त हुने ।

६। संस्थाले गर्ने खर्चमा मितव्ययीता अपनाउन पर्ने देखिन्छ ।

७। संस्थाले दैनिक कार्यमा प्रविधि मैत्री हुन तथा updated software को प्रयोग गरी Digital Banking लाई प्रर्वद्धन गर्नु पर्ने देखिन्छ ।

८। संस्थाको Negative Retained Earnings लाई सुधार गर्नु पर्ने देखिन्छ ।

९। संस्थाले ठुला पूर्वाधार विकासमा लगानी गरी कर्जा लगानीमा बृद्धि गर्न आवश्यक छ ।

१०। संस्थाको जोखिम पत्ता लगाई जोखिम न्यूनीकरणको उपाय अवलम्वन गर्नु पर्ने ।

११। संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्य गरेकोमा प्रशंसनीय छ ।

१२। संस्थामा कार्यरत कर्मचारीहरुलाई दक्ष गराउन आवश्यक तालिमको व्यवस्था गर्नु हुन ।

१३। संचालक संख्या घटाउन हुन ।

**१३.सभापतिज्यूले दिनु भएको जवाफहरू :**

छलफलको क्रममा सहभागी सेयरधनी महानुभावले प्रस्तुत गर्नु भएका मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री खिमलाल पौड्यालज्यूले संस्थाले ५ वर्षे रणनीति तयार गरी लागु गरी सकेको र वार्षिक प्रतिवेदनमा उपस्थित सेयरधनी महानुभावहरूले संस्थाको हितको लागि आफनो अमूल्य राय सल्लाह सुझावहरु दिनु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरूलाई धन्यवाद दिदै सेयरधनी महानुभावहरूले दिनुभएका सुझावहरु स्वागत योग्य रहेको र उक्त सुझावहरूलाई आत्मसाथ गर्दै सेयरधनीहरूको सल्लाहलाई मनन गर्दे कार्यान्वयन गर्ने सभालाई जानकारी गराउनुभयो ।

**अध्यक्षज्यूको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भएको जवाफ :**

१। संस्थाको २८ औ बार्षिक साधारणसभा विशेष कारणवश ढिलो हुन गएकोमा दुःख व्यक्त गर्दै आगामी साधारण सभा समयमै गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । सभामा उपस्थित सेयर धनीहरुले



BEST FINANCE COMPANY LTD. BFC

CamScanner

आफनो गहिरो, विश्लेषणात्मक सल्लाह सुझाव दिनु भएकोमा धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरूलाई व्यवहारमा कार्यान्वयन गर्दै लाने जानकारी गराउनुभयो ।

२। संस्थाको Negative Retained Earning लाई घटाउनको लागि योजना तयार गरी संचालक समितिबाट स्वीकृत गराइ सकेको ।

३। संस्थाको गैर बैकिङ्ग सम्पतिलाई लिलाम विक्रीको योजना तयार गरी सकेको र गैर बैकिङ्ग सम्पति लिलाम बिक्रीलाई टेवा दिनका लागि Auction Financing Loan Product Paper तयार गरी लागु गरी सकेको र यसबाट केही सकारात्मक परिणाम आउने क्रममा रहेको जानकारी गराउनुभयो ।

४। संस्थाको खराव कर्जा बृद्धि हुनुमा राष्ट्रिय र अन्तराष्ट्रिय कारणहरु तथा कमजोर क्षमता भएका ग्राहक समेत रहेकोले कर्जा प्रवाहमा भएको कमी कमजोरीलाई पत्ता लगाई सुधारको कार्य गरी सकेको तथा कर्जा विभागलाई संरचनात्मक सुधार गरिएको, कर्जा प्रशासन विभाग गठन गरी कर्जा प्रशासन र नियन्त्रण प्रणालीलाई बलियो बनाउदै लगिएको, निष्कृय कर्जा व्यवस्थापनलाई प्रभावकारी बनाउदै लगिएको, संस्थालाई प्रणालीले व्यवस्थापन गर्नका लागि विभिन्न नीति बनाई लागु गर्दै लगिएको र Process Automation र Process Re-engineering लाई प्राथमिकतामा राखि कार्य गर्दै गएको जानकारी गराउनु भयो ।

**१४.सभाको निर्णयहरु :**

सभापतिजीले जवाफ दिने क्रम सकिए पछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरूमा देहाय बमोजिम निर्णय भयो ।

**(क) सामान्य प्रस्ताव**

१) यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

**सभाको निर्णय :** यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

२. सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात र आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**सभाको निर्णय :** लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को बार्षिक वित्तीय विवरण ( २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा



BFC BEST FINANCE COMPANY LTD.
CamScanner

नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

३. आ.व.२०८१/८२ को बाह्रय लेखापरीक्षण गर्नको लागि साविक कै S.A.R. Associates, Chartered Accountants वाह्य लेखापरीक्षकमा नियुक्ती गर्ने र निजको नियुक्ती तथा निजको पारिश्रमिक समेत अनुमोदन गर्ने प्रस्तावहरु छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**सभाको निर्णय :** यस संस्थाको लेखा परिक्षण समितिको बैठकबाट सिफारिश भए बमोजिम मिति २०८२/०३/१३ गते बसेको संचालक समितिको निर्णयबाट आर्थिक वर्ष आ.व २०८१/०८२ को वाह्य लेखापरीक्षण गर्नको लागि साविक कै लेखापरीक्षक श्री एस.ए.आर.एशोशियटस, चार्टड एकाउन्टेन्टलाई बाह्य लेखापरीक्षण गर्नको लागि वार्षिक रु.५,६५,०००/–(अक्षरेपि पाँच लाख पैसठ्ठी हजार मात्र) भ्याट सहित पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

**४) संचालक समितिको लागि संस्थापक तथा सर्वसाधारण समूहको संचालकहरुको निर्वाचन गर्ने ।**
निर्वाचन अधिकृत श्री बाल कुमार पाण्डेले संचालक समितिको लागि संस्थापक तथा सर्वसाधारण समूहको संचालकहरुको निर्वाचन सम्बन्धमा संस्थापक समूहको तर्फवाट ३ जना तथा सर्वसाधारण समूहको तर्फवाट ३ जना गरी तपसिल बमोजिमका संचालकहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

संचालक : श्री प्रा.डा.रामजी गौतम (संस्थापक समूह)
संचालक : श्री रामचन्द्र देवकोटा (संस्थापक समूह)
संचालक : श्री सुशिला खनाल (संस्थापक समूह)
संचालक : श्री राम लाल श्रेष्ठ (सर्वसाधारण समूह)
संचालक : श्री विष्णु प्रसाद ज्ञवाली (सर्वसाधारण समूह)
संचालक : श्री खिमलाल पौड्याल (सर्वसाधारण समूह)

(ख) **विशेष प्रस्ताव**
१ यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समभ्रदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**सभाको निर्णय :** यस वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समभ्रदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता



BEST FINANCE COMPANY LTD.
BFC
CamScanner

नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायत मर्जर सम्बन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ग) विविध :**

यस अठाईसौं बार्षिक साधारण सभाको निर्धारित विषय सूची नं "ग" मा रहेको बिबिध शिर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१६.सभा विसर्जन :**

अध्यक्ष श्री खिमलाल पौड्याल ज्यूले वित्तीय संस्थाको बार्षिक साधारण सभामा सेयरधनीहरूको सहभागीता भएकोमा खुशी प्रकट गर्दै वित्तीय संस्थाको उन्नती तथा प्रगतिको लागी सहयोग पुऱ्याउनुहुने ग्राहक महानुभावहरू, सेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक लगायत नियामक निकाय लगायत सेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेडबाट पाएको सहयोग प्रति हार्दिक आभार प्रकट गर्नुभयो । साथै वित्तीय संस्थाको संस्थागत सुदृढीकरणको लागी महत्वपूर्ण भूमिका निर्बाह गनुहुर्ने वित्तीय संस्थाका बाह्य लेखापरीक्षक श्री सुनिल अधिकारीज्यू (श्री एस.ए.आर.एशोशियटस, चार्टड एकाउन्टेन्ट), कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता श्री अरुण पौड्यालज्यू तथा संचालक निर्वाचन निर्विरोध गराई सफलतापूर्वक सम्पन्न गराएकोमा अधिवक्ता बाल कुमार पाण्डेज्यूलाई हार्दिक धन्यबाद व्यक्त गर्दै संस्थाको उन्नती तथा प्रगतिको लागि सेयरधनीहरूले यस सभामा राख्नु भएको सुझाव तथा सल्लाहलाई आत्मसाथ गरी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जाहेर गर्दै सभालाई सफलतापूर्वक सम्पन्न गर्न भुमिका निर्वाह गर्नुहुने पूर्व संचालक तथा अध्यक्षज्यूहरु, सेयरधनीहरु, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै सञ्चार माध्यम तथा सम्पूर्ण शुभचिन्तकहरु प्रति आभार प्रकट गर्दै सभा समापन भएको घोषणा गर्नु भयो ।

........................
राज सुन्दर श्रेष्ठ
कम्पनी सचिव

BFC
BEST FINANCE COMPANY LTD.

........................
खिमलाल पौड्याल
अध्यक्ष, सञ्चालक समिति
तथा
सभापति, अठाईसौं बार्षिक साधारण सभा